# सानीभेरी गाउँपालिका
Sanibheri Rural Municipality

# गाउँ कार्यपालिकाको कार्यालय
Office of The Rural Municipal Executive

सिम्ली, रुकुम (पश्चिम)
Simli, Rukum (West)
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal

सम्पर्क नं.: ०८४ ४०२१२१३
info@sanibherimun.gov.np
sanibherimun@gmail.com
ito.sanibherimun@gmail.com


प.सं. (Letter No.): २०७९/८०

मिति (Date): २०७९।११।२१

च.नं. (Ref. No.): १४१४ क्ष

विषय : मतदाता नामावली अद्यावधिक कार्यक्रम २०७९ सम्वन्धमा ।

श्री वडा कार्यालयहरु सवै
सानीभेरी गाउँपालिका रुकुम पश्चिम ।

प्रस्तुत सम्वन्धमा निर्वाचन आयोगको मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम २०७९, वमोजिम मतदाता नामावलीमा रहेको त्रुटि सच्याउने ,मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिइ नामावलीमा नाम समावेश गरेको भए सोको विरोधको उजुरी दिने, कुनै मतदाताको नाम एकभन्दा वढि स्थानमा समावेश भएकोमा एक मात्र स्थानमा कायम गर्न निवेदन दिने ,मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीवाट हटाउन सूचना दिने, वसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पंञ्जिकाधिकारीवाट प्राप्त गर्ने लगायतका विभिन्न कार्यतालिका सहितको कार्यक्रम रहेकोले सो कार्यन्वयनका लागि वडागत रुपमा मतदाता नामावली सवै वडा कार्यालयमा पठाइएको छ ।सवै वडा कार्यालयहरुले अद्यावधिक गर्ने कार्यतालिका र मतदाता नामावली तहाँ वडा कार्यालयको सूचना पाटीमा टाँस गरी मतदाता नामावली अद्यावधिक गर्ने /गराउने कार्यमा सहयोग गर्नुहुन अनुरोध छ ।

२०७९/११/२१

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत

दिपक बुढाथोकी
प्रमुख प्रशासकीय अधिकृत



Scanned with CamScanner

निर्वाचन आयोग, नेपाल

प्रमुख नाम दर्ता अधिकारीको कार्यालय ........

मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

**मतदाता नामावली अद्यावधिक (दाबी विरोध समेत) कार्यक्रम, २०७९ देहायका कियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।**

| क.सं. | कियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १ | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/११/२२ | २०७९/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा निवेदन दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धीत मतदाता वा निजको परिवारको सदस्य |
| ३ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने। | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५ | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६ | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका वा नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त गर्ने | २०७९/११/२३ | २०७९/११/२६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |
| ७ | क.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने | २०७९/११/२३ | २०७९/११/२७ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८ | क.सं. ५ बमोजिम प्राप्त सूचना र क.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबीन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७९/११/२३ | २०७९/११/२७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९ | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाई सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७९/११/२६ | २०७९/११/२७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १० | क.सं. ३ बमोजिम परेको उजुरी र क.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७९/११/२७ | २०७९/११/२८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११ | क.सं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने | २०७९/११/२८ | २०७९/११/२८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२ | क.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क.स. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने | २०७९/११/२९ | २०७९/११/२९ | मतदाता नामावली ऐन, २०७३ को दफा १८(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३ | क.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्लामा अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने | २०७९/११/३० | २०७९/१२/०१ | मतदाता नामावली ऐन, २०७३ को दफा १७(३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

Scanned with CamScanner